सिटिजन हेल्प डेस्क

# सिटिजन हेल्पडेस्क बुलेटिन

अंक #७
श्रावण, २०७४

सिटिजन हेल्पडेस्क बुलेटिनको सातौ अंकमा स्वागत छ। 'सिटिजन हेल्पडेस्क', जिल्लाहरुमा समुदायलाई सही सूचना प्रवाह गरी उनीहरुको दैनिकीलाई सहज बनाउन कार्यरत स्थानीय युवा स्वयंसेवकहरु Community Frontline Associates (CFA) ले नेतृत्व गरेको नागरिक अभियान हो। यसले, नागरिकहरुले स्थानीयस्तरमा भोगेका संवेदनशील समस्याको बारेमा सूचना संकलन गर्नुका साथै त्यस भित्रको यथार्थ पता लगाई सरकार, सञ्चार माध्यमहरु, दातृ निकायहरु र  समुदायलाई सही सूचना प्रवाह गरी उनीहरु बीचको अन्यौलता हटाउदै समग्र सरकारी निर्णयलाई सही दिशा दिन सहयोग गर्दछ।

## सवाल

### सिन्धुकोट, सिन्धुपाल्चोक

"फ्रि भिषाको फ्रि टिकटको कुरा किन सरकारी निकायहरुलाई नै थाहा हुँदैन ?"

### खरानीटार, नुवाकोट

"वैदेशिक रोजगारीमा जाँदा कम पैसा तिरेर गयोभने काम नराम्रो र तलब थोरै दिन्छ भन्ने हल्ला छ।"



## जवाफ

कम्पनीको नियम र कामको प्रकृति अनुसार कम्पनीले पहिले नै पारिश्रमिक तय गरेर विदेशी कामदार माग गर्दछ र त्यसै अनुसार सम्झौता पत्र तयार गरीन्छ। कामदारले पाउने पारिश्रमिक र कामको प्रकृति कम्पनीको नियम अनुसार हुन्छ। त्यसले कामदारले वैदेशिक रोजगारीमा जाँदा तिर्नु पर्ने रकममा कुनै फरक पार्दैन।

२०७२ साल असार २१ गते देखि नेपाल सरकारले मलेसीया लगायत छ वटा खाडी मुलुकहरु साउदी अरब, कतार, युएई, कुवेत, ओमन, बहराईन गरी जम्मा सात वटा मुलुकहरुमा रोजगारीका लागि फ्रि भिसा फ्रि टिकट दिने राज्यमन्त्रि स्तरीय निर्णय गरेको हो। जुन नेपाल राजपत्रमा प्रकाशित भएन। वैदेशिक रोजगार बिभागको ऐन तथा नियमावलीमा पनि उल्लेख गरीएको छैन।

माथि उल्लेख गरीएका मुलुकहरुका कम्पनीले कामदारको माग अनुसार नेपाल सरकारबाट स्विकृती प्राप्त म्यानपावर कम्पनीहरुसँग सम्झौता गर्दछन्।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड
००९७७-१-४१०५०५८

# सवाल

**बिदुर, नुवाकोट**

"आउँदो कार्तिक सम्म सबै लाभग्राहीले पुनर्निर्माण अनुदानको पहिलो किस्ता लिईसक्नु पर्छ रे !"



**पाँचखाल, काभ्रेपलाञ्चोक**

"अनुदानको रकम कहिलेसम्म लिईसक्नु पर्ने हो ? २०७५ साल भित्र सबै रकम नलिए अनुदान रकम नपाउने हल्ला छ।"

# जवाफ

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले आवास पुनर्निर्माण अनुदान लिने अन्तिम मिति निश्चित गरेको छ। जस अनुसार, लाभग्राहीले २०७५ असार मसान्त भित्र आवास पुनर्निर्माण सम्बन्धी सम्पुर्ण अनुदान लिईसक्नु पर्नेछ।

निर्धारीत तालिका अनुसार, पहिचान भएका सबै लाभग्राहीले आगामी कार्तिक मसान्त भित्र अनुदान सम्झौता गरी प्रथम किस्ता लिईसक्नु पर्नेछ।

२०७३ पुस मसान्त भित्र प्रथम किस्ता प्राप्त गरेका निजि घरधनीले २०७४ पुस मसान्त र आगामी कार्तिक मसान्त भित्र प्रथम किस्ता प्राप्त गर्ने लाभग्राहीले आगामि चैत्र मसान्त भित्रै दोस्रो किस्ता लिई सक्नुपर्ने छ।

यसै गरी २०७४ पुस मसान्त भित्र दोस्रो किस्ता प्राप्त गर्ने निजी घरधनीले २०७५ जेष्ठ मसान्त भित्र तेस्रो किस्ताको अनुदान लिईसक्नुपर्ने हुन्छ भने, २०७४ चैत्र मसान्त भित्र दोस्रो किस्ता प्राप्त गर्ने निजी घरधनीले २०७५ असार मसान्त सम्म अन्तिम तथा तेस्रो किस्ता अनुदान लिई सक्नुपर्ने हुन्छ।

डा. भिष्म कुमार भुसाल
सह-प्रवक्ता
राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-९८५११२७७५७

राष्ट्रिय पुनर्निर्माण प्राधिकरण
००९७७-१-४२११४८४

# प्रश्न

## शिद्धलेक, धादिङ

"मलेसिया जानकोलागि म्यानपावर कम्पनीलाई पैसा बुझाएँ, भिसा पनि आयो तर, न त विदेश नै पठाउछ, न त बुझाएको पैसा नै फिर्ता गर्छ, न त पासपोर्ट नै फिर्ता गर्छ। के एकपटक पैसा बुझाईसके पछि फिर्ता नपाउने हो ?"



## महादेवस्थान, काभ्रेपलाञ्चोक

"मेरो भाईले दुबई जानकोलागि म्यानपावर कम्पनीबाट प्रकृया थाल्यो र भिसापनि आयो तर, जानै लाग्दा घरयायसी कारणले जान नपाउने भयो। अब म्यानपावरलाई बुझाएको रकम फिर्ता हुन्छ कि हुदैन ?"

# जवाफ

इजाजतपत्रवाला म्यानपावरले सम्बन्धित मुलुकमा प्रवेश गर्ने अवधि किटान भएकोमा सो अवधिभित्र र अवधि किटान नभएकोमा तीन महिनाभित्र सम्बन्धित कामदारलाई वैदेशिक रोजगारमा पठाउनु पर्ने हुन्छ।

म्यादभित्र कामदारलाई वैदेशिक रोजगारमा पठाउन नसकेमा सम्बन्धित इजाजतपत्रवालाले सम्बन्धित कामदारबाट बुझिलिएको रकम र सो रकममा वार्षिक बीस प्रतिशतले हुने ब्याजको रकम समेत जोडी तीस दिनभित्र फिर्ता गर्नु पर्ने हुन्छ।

कुनै कामदारले प्रवेशाज्ञा प्राप्त भइसकेपछि वैदेशिक रोजगारमा जान इन्कार गरेमा वा असमर्थ भएमा इजाजतपत्रवालाले कामदारलाई रकम फिर्ता गर्दा प्रवेशाज्ञाशुल्क मात्र कट्टा गरी बाँकी हुन आउने रकम फिर्ता गर्नु पर्नेछ।

तर, पूर्वस्वीकृति लिई विज्ञापन गरेभन्दा फरक शर्तको कारणले कामदारले जान इन्कार गरेको अवस्थामा प्रवेशाज्ञाशुल्क कट्टा गर्न पाइने छैन।

**मोहन अधिकारी**
प्रवक्ता
वैदेशिक रोजगार विभाग
काठमाण्डौ
००९७७-९८५११५५११०

**नेपाल सरकार श्रम तथा रोजगार मन्त्रालय**
वैदेशिक रोजगार विभाग
००९७७-१-४७८२४५४

# मेरो कथा – अनुभुती र भोगाई





## बिश्व खड्का

### चौतारा, सिन्धुपाल्चोक

बर्षौसम्म खाडीमा पसिना बगाएर स्वदेश फर्किएका चौतारा साँगाचोकगढी नगरपालिका - १० का विश्व खड्का शायद अब विदेश भासिने छैनन् । अवसर र संभावना खोज्दै उनी पटक पटक खाडी पसे । मुलुक युद्धको चपेटामा थियो । स्वदेशमा रोजगारीको अवसर थिएन, अर्कातिर विदेशको लहर चलेको थियो । त्यही लहरमा थपिएर खड्का पनि २०५९ को अन्त्यतिर साउदी हानीए । २०६२ सालसम्म साउदीमै रहे । २०६२ को अन्त्यतिर घर फर्किएका उनी त्यसपछि कतार गए । कतारमा पनि भनेजस्तो काम नपाएपछि उनी ५५ दिन पछि आफ्नै माटोमा केहि गर्ने अठोट लिएर घर फर्किए ।

कतारबाट फर्कीएपछि उनले सुकुटे बजारमा आफैले भैसी पाले अनि चिया बनाएर बेच्न थाले । उनको चियापसल राम्रै चल्यो । मासिक १० हजार भन्दा बढि कमाई हुन थाल्यो । विस्तारै उनले होटलमा खाना खाजा पनि बेच्न थाले । त्यसपछि सुकुटे बजार भन्दा अलि माथि, जग्गा भाडामा लिए अनि कुखुरापालन सुरु गरे । कुखुरापालन व्यवसायले उनलाई आर्थिक स्तर माथि उठाउन सहयोग गर्‍यो ।

बिदेशमा बगाउने पसिना आफ्नै माटोमा बगाए यहिँबाट आम्दानी गर्न सकिन्छ भन्ने मान्यताका साथ उनी सुनकोशीको बगरमा पसिना बगाउन थाले । बगरमा मजदुरी गरेर बालुवाको काम सुरु गरेका उनी यतिबेला बगरकै ‘मालिक’ बनेकाछन् भन्दा फरक पर्दैन । नियम र कानुन बमोजिम बालुवा उत्खनन् र बिक्रि गरि उनले महिनामै एक लाखसम्म पनि हात पार्न सफल बनेका छन् ।

पसिना बगायो भने आफ्नै माटोमा पैसा फल्छ भन्ने एक ज्वलन्त उदाहरण हुन् साँगाचोकगढी, सिन्धुपाल्चोकका विश्व खड्का ।

## यो पनि थाहा पाईराखौं - सरकार द्वारा गरीएका नविनतम निर्णयहरू

- निजी आवास अनुदान २०७५ असार भित्रै लिईसक्नु पर्ने (Link)
- भूकम्प पीडितलाई बसोवास योग्य जग्गा खरिद सम्बन्धि मापदण्ड, २०७४ (Link)
- वैदेशिक रोजगारकालागि लाग्ने खर्चहरू (Link)
- वैदेशिक रोजगारीमा जाने कामदारले जान्नैपर्ने कुराहरू (Link)

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, जिल्लामा रहेर काम गरिरहेका CFA हरूले स्थानीय जनतासंग गरेका प्रत्यक्ष कुराकानी, सामुदायिक छलफल, संचार माध्यमहरू र जिल्लामा कार्यरत विभिन्न संघ संस्थाका प्रतिनिधिबाट संकलन गरिएका सामाग्री हुन्। २०७४ असाढ १७ गतेदेखि २०७४ श्रावण १६ गतेसम्म ४ जिल्लाका करिव ५३७ जना स्थानीयवासीसँग कुराकानी गरी तयार पारिएका टिप्पणीहरू यो बुलेटिनको सूचनाका प्रमुख स्रोत हुन्। विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरिएका छन्। यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन्।

**Accountability Lab द्वारा Local Interventions Group संगको सहकार्यमा प्रायोजित सिटिजन हेल्पडेस्क बुलेटिन।**

accountabilitylab

Local Interventions Group
data - driven development